सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
आदेश
०७६-WO-०९४०
विषयः- परमादेश ।

अधिवक्ता सोमप्रसाद लुईटेल समेत ------------------------------------------------ निवेदक

विरुद्ध

प्रधान मन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौं समेत --------- विपक्षी

निवेदकहरुको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताद्वय श्री प्रकाशमणि शर्मा, श्री नारायणप्रसाद प्रसाई तथा विद्वान अधिवक्ताहरु श्री सोमप्रसाद लुईटेल, श्री सन्तोष भण्डारी, श्री नरेन्द्रप्रकाश खनाल, श्री सुदिप देवकोटा, श्री लक्ष्मी (नानी) थापा र श्री प्रकृति कार्कीले गर्नु भएको बहस समेत सुनियो।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? माग बमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार कारण भए सवुद प्रमाण सहित म्याद सूचना पाएका मितिले १५ (पन्ध्र) दिनभित्र विपक्षीहरुले महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखितजवाफ पेश गर्नु भनी यो आदेश र निवेदनको प्रतिलिपी समेत साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना जारी गर्नू ।

साथै अन्तरिम आदेशको माग भएको सम्बन्धमा विचार गर्दा रिट निवेदकले कोरोना (COVID-19) को महामारीले नेपालको अर्थतन्त्रमा ठुलो टेवा दिई वैदेशिक रोजगारीमा रहेको तर हाल रोजगार समेत गुमाई अत्यन्त जोखिम अस्वस्थ, असुरक्षित अवस्थामा रहेको नेपाली नागरिकको जीवनको हक, स्वास्थ्य उपचारको पहुचको हक, विना भेदभाव र विना स्वच्छेचारी देश फर्कन पाउने र उद्धारको हकमा समेत असर पर्न गएको अत्यन्त गम्भिर प्रश्न उठाउनु भएको देखिन्छ।

आफ्नो नागरिक आफ्नो देशमा विना भेदभाव फर्किन पाउने, उच्च स्तरको मानसिक, शारीरिक, स्वास्थ्यको संरक्षणको अधिकार व्यक्तिको मानव अधिकार हो। नेपालको संविधानको धारा १६ ले सम्मानपूर्ण तरिकाले बाच्न पाउने हकको साथै संविधानको धारा १८ ले नागरिक

बीच लिङ्ग, आर्थिक, सामाजिक, धर्म, भाषा, बिचार, राजनिति, शारीरिक स्वास्थ्यको आधारमा समेत भेदभाव गर्न नहुने हकको सुनिश्चितता गरेकोछ।

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ७५ ले नेपाली कामदार रहेको मुलुकमा युद्ध, महामारी, प्रकृति विपत्ती पछिं कामदारहरुलाई तत्काल फिर्ता गर्नु पर्ने भएमा नेपाल सरकारले कुटनैतिक नियोग वा श्रम सहचारी मार्फत कामदार फिर्ता गर्ने व्यवस्था गर्नु पर्ने कानूनी व्यवस्था रहेको छ। यसै ऐनको दफा ३३ (ख) ले ऐ. ऐनको दफा ७५ को व्यवस्थाबाट कामदारलाई स्वदेश फिर्ता गराउन, क्षतिपूर्ति दिन वा फिर्ता आएमा कामदार वा निजको परिवारलाई आर्थिक सहायताको लागी वैदेशिक रोजगार कल्याणकारी कोषको प्रयोग गर्न पाउने व्यवस्था गरेको छ।

COVID-19 को महामारीले आज सिङ्गो विश्वनै अत्यन्त कठिन अवस्थामा रहेको छ। यसको सिधा असर जीवन, विश्व अर्थतन्त्र तथा रोजगारीमा पनि परेको छ। यसै अवस्थामा नेपालको अर्थतन्त्रलाई ठुलो टेवा दिई रहेको वैदेशिक रोजगारीमा रहेका नेपालीहरुले रोजगारी गुमाई अत्यन्त नाजुक, असुरक्षित, अस्वस्थ अवस्थामा बस्नु परेको छ। यस्तो यथार्थतालाई राज्य अनदेखा गर्न सक्दैन। एकातिर उनीहरुमा संक्रमणको जोखिमता रहेको छ भने अर्को तिर संक्रमित हुँदा उपचारमा पहुच छैन। केही देशले वैदेशिक रोजगारीमा रहेका नेपालीलाई फिर्ता लैजान दवाव दिई रहेको र कतिपय वैदेशिक रोजगारीमा रहेका नेपाली घर फर्काई दिन आफ्नो सरकार गुहारी रहेको भनी रिट निवेदकले उठाएको विषयमा राज्यले टुलु टुलु हेरर बस्न सक्ने देखिंदैन। यस्तो महामारीको अवस्थामा सरकारले आफ्नो नागरिकको सुरक्षा र स्वास्थ्यको लागी विभिन्न उपाय अवलम्वन गर्दा गर्दै पनि वैदेशिक रोजगारीमा गएका नागरिकको हकमा तत्कालै पर्याप्त र प्रभावकारी थप प्रयास गर्न आवश्यक देखिएको छ। सबै नागरिकको स्वास्थ्य, सुरक्षा वा अन्य आवश्यकताको सम्बोधन राज्यको वैध सरोकारको विषय हो।

तर सरकारले तत्काल केही नगर्दा वैदेशिक रोजगारमा रहेका नेपाली नागरिकको मानसिक, शारीरिक स्वास्थ्य तथा जीवन मात्र जोखिममा नरही निजमा आश्रित रहेका परिवारको समेत जीवन जोखिममा पुग्न जाने हुँदा नेपाल बाहिर वा नेपालभित्र जहाँ रहे बसे पनि उनको जिम्मेवारी राज्यको प्राथमिकताको विषय रहेको हुन्छ। तसर्थ कोरोना प्रभावित (COVID-19) महामारी फैलिएको मुलुकहरुमा वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकको नेपाली राजदुताबास वा श्रम सहचारी मार्फत कोरोना भाइरस संक्रमित नेपाली नागरिकको स्वास्थ्य स्थिति प्रतिवेदन तत्कालै तयार गर्न लगाई WHO को मापदण्ड बमोजिम स्वास्थ्य सेवा/उपचार भेदभाव रहित तरिकाले प्राप्त गर्न परराष्ट्र मन्त्रालय मार्फत कुटनैतिक सञ्चार र समन्वयव गर्न तथा वैदेशिक रोजगारीमा रहेको अत्यन्त जोखिममा रहेको नेपाली नागरिकको अनियन्त्रित र

अव्यवस्थित नेपाल प्रवेशबाट हुने थप जोखिमताबाट संरक्षण गर्न नागरिकको व्यक्तिगत अधिकार (Individual Right of Citizen) तथा बहुसंख्यक जनताको (Interest of Larger Population) जीवन, स्वास्थ्य र सुरक्षाको हितलाई समेत सन्तुलित तरिकाले संरक्षण गर्दै सुक्ष्म, गम्भिर एवं संवेदनशिल तरिकाले विना भेदभाव, विना स्वच्छाचारी, विवेकपूर्ण तरिकाले नियमन र नियन्त्रणको शर्त बन्देज सहित फिर्ता ल्याउने/उद्दारको लागी आवश्यक प्रशासनिक, आर्थिक र व्यवस्थापकिय पहल गर्न विपक्षीहरुको नाउँमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम अन्तरिम आदेश जारी गरीदिएको छ।

साथै यसै विषयका सम्बन्धित अन्य रिट निवेदनहरु ०७६-WO-०९३२, ०७६-WO-०९३३, ०७६-WO-०९३४, ०७६-WO-०९३६ नं. का यसै अदालत समक्ष बिचाराधिन रहेको हुँदा साथै राखी नियमानुसार पेश गर्नू।

न्यायाधीश

इति संवत् २०७७ साल वैशाख ४ गते रोज ५ शुभम् ------------------------------------।